बैठक नं. ४

आ.व. २०८१/०८२

आज मिति २०८१/५/२७ गते नगर कार्यपालिकाको बैठक मध्यविन्दु नगर कार्यपालिकाको सभाहलमा नगर प्रमुख श्री भिमलाल अधिकारी ज्यूको अध्यक्षता र तपसिलका नगर कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु गरियो।

तपसिल:

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भिमलाल अधिकारी | नगर प्रमुख | |
| २ | पूर्णकला चौधरी | नगर उपप्रमुख | |
| ३ | तिलकराम न्यौपाने | वडाध्यक्ष वडा नं.१ | |
| ४ | रामभक्त अधिकारी | वडाध्यक्ष वडा नं.२ | |
| ५ | मान बहादुर महतो | वडाध्यक्ष वडा नं.३ | |
| ६ | डिल्लीराम थारु | वडाध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद पाठक | वडाध्यक्ष वडा नं.५ | |
| ८ | लाभ प्रसाद पाठक | वडाध्यक्ष वडा नं.६ | |
| ९ | कर्ण बहादुर मल्ल | वडाध्यक्ष वडा नं.७ | |
| १० | पर्शुराम महतो | वडाध्यक्ष वडा नं.८ | |
| ११ | मदन बहादुर कुमाल | वडाध्यक्ष वडा नं.९ | |
| १२ | रण बहादुर थापा क्षेत्री | वडाध्यक्ष वडा नं.१० | |
| १३ | महेश्वर भुषाल | वडाध्यक्ष वडा नं.११ | |
| १४ | कान्ता प्रसाद कुमाल | वडाध्यक्ष वडा नं.१२ | |
| १५ | अर्जुन प्रसाद पंगेनी | वडाध्यक्ष वडा नं.१३ | |
| १६ | मिन बहादुर दर्लामी मगर | वडाध्यक्ष वडा नं.१४ | |
| १७ | यम बहादुर के.सी. | वडाध्यक्ष वडा नं.१५ | |
| १८ | शिव कुमारी मल्ल | नगर कार्यपालिका सदस्य | |
| १९ | कोपिला ज्ञवाली पौडेल | नगर कार्यपालिका सदस्य | |
| २० | नारायणी कार्की | नगर कार्यपालिका सदस्य | |
| २१ | शान्ता बि.क. | नगर कार्यपालिका सदस्य | |
| २२ | हिरा कुमारी कुमाल | नगर कार्यपालिका सदस्य | |
| २३ | उमा कुमाल | नगर कार्यपालिका सदस्य | |
| २४ | कृष्ण प्रसाद वि.क. | नगर कार्यपालिका सदस्य | |
| २५ | प्रकाश परियार | नगर कार्यपालिका सदस्य | |
| २६ | रमेश घर्ति | सचिव | |

चौथो कार्यपालिका बैठक

आ.व.२०८१/०८२

मिति:२०८१/०५/२७

समय: दिउसो २.०० बजे

स्थान: नगरकार्यपालिकाको कार्यालय

प्रस्तावहरु:

१. सरसफाई प्रवर्द्धन तथा जैविक मल उद्घाटन केन्द्र, नगर स्थापना दिवसको जानकारी सम्बन्धमा।
२. उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना प्रस्ताव पेश गर्ने स्वीकृति सम्बन्धमा।
३. विविध।
   क. झोलुङ्गे पुल सिफारिस सम्बन्धमा।
   ख. नदीजन्य पदार्थको व्यवस्थापन तथा चोरीनिकासी नियन्त्रण सम्बन्धमा।
   ग. अतिरिक्त समयको कामकाजमा प्रोत्साहन सम्बन्धमा।
   घ. कार्ययोजना स्वीकृति सम्बन्धमा।

निर्णय:

१. यस नगरपालिकाको वडा नं. ११ कुसुण्डेमा निर्माण सम्पन्न भएको सरसफाई प्रवर्द्धन तथा जैविक मल उत्पादन केन्द्रको उद्घाटन मिति २०८१ असोज १ गते विहान ८.०० बजे र नगरपालिका स्थापना भएको दिनको सम्झनामा नगर स्थापना दिवस कार्यक्रम सोही दिनको १२.१५ बजे गण्डकी प्रदेशका मुख्यमन्त्रीको प्रमुख आतिथ्यतामा हुने भएकोले सो कार्यक्रमको तयारी सम्बन्धमा छलफल गरियो।

२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रानुसार भारत सरकारको सहयोगमा संचालन हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना कार्यक्रममा मापदण्ड बमोजिम लागत सहभागिता गर्नुपर्ने १० प्रतिशत रकम नगरपालिकाको समपुरक कोषमा विनियोजित बजेटबाट व्यवस्थापन गर्ने गरी देहायका आयोजनाहरु प्रस्ताव पेश गर्ने।

क. कोल्हुवा सामुदायिक रिडिङ्ग हल, मध्यविन्दु- २

ख. शितभण्डार, मध्यविन्दु-२

ग. श्री जनता शिद्ध अमर मा.वि. आठ कोठे भवन, मध्यविन्दु- ४

घ. नवजागरण रिडीङ्ग हल,मध्यविन्दु- ७

ङ. श्री सरस्वती मा.वि.चार कोठे भवन, मध्यविन्दु- १३

३. विविध

क. नगरपालिका क्षेत्र भित्र तपसिलका स्थानहरुमा झोलुङ्गे पुलको आवश्यकता रहेकोले सम्बन्धित निकायमा सिफारस गरी पठाउने।

१. मध्यविन्दु ११ बिरेन्द्र मा.वि. र मध्यविन्दु १४ रातामाटा जोड्ने।
२. मध्यविन्दु १२ तमासपुर र मध्यविन्दु १५ गरमटोला जोड्ने।
३. मध्यविन्दु ६ भण्डरा र मध्यविन्दु १५ सिमरा जोड्ने।

ख. यस नगरपालिका अन्तर्गत बहाव क्षेत्र भएका गिरवारी खोला र अरुणखोलामा वर्षातको मौषममा आएको बाढीले दुवै खोलामा प्रसस्त मात्रामा ढुङ्गा बगाई ल्याएको र सो ढुङ्गा अनाधिकृत रुपमा रातको समयमा चोरी निकासी गर्ने क्रम अत्याधिक मात्रामा भई नगर प्रहरी परिचालन गर्दा एवम् प्रशासन र सुरक्षा निकायहरुसँग अनुरोध गर्दा पनि पूर्ण रुपमा चोरी निकासी नियन्त्रण गर्न समस्या रहेकोले चोरी निकासी कार्यलाई निरुत्साहित गर्न, तत्काल आवश्यक पर्ने निर्माणजन्य सामग्रीको सहज आपूर्तिको लागि सहजीकरण गर्न एवम् नगरको आन्तरिक श्रोतमा समेत वृद्धि हुने गरी व्यवस्थित गर्न आवश्यक देखिएकोले दुवै खोलाको माथिल्लो सतहमा रहेका ढुङ्गाहरु चुरे संरक्षण क्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नु पर्ने कार्यविधि तथा मापदण्ड, २०७७ को परिच्छेद-२ को दफा ५ मा भएको व्यवस्था अनुसार चुरे क्षेत्रभित्र भएका नदी खोलाहरुबाट घरायसी खपतको निम्ति र नदीजन्य पदार्थ संकलन गरी जिविकोपार्जन गर्ने व्यक्तिलाई गण्डकी प्रदेश सरकारको आर्थिक ऐन, २०८१ ले निर्धारण गरेको प्रति घ.फि रु ९ (म.अ.कर र अन्य कर बाहेक) रोयल्टी लिई खोलाको सतह माथि रहेको ढुङ्गा मात्र हेभी उपकरण प्रयोग नगरी श्रममुलक विधिबाट संकलन गर्न दिने। साथै सो कार्यको लागि नगर प्रहरीलाई सम्बन्धित नाकाहरुमा खटाई दैनिक रोयल्टी उठाउने कार्यको जिम्मेवारी दिने।उक्त कार्यको नियमित अनुगमन गर्न नगर उप प्रमुखको संयोजकत्त्वमा वडा नं. १०, ११ र १५ का वडा अध्यक्षहरु, सडक, सिँचाई तथा अन्य पूर्वाधार विकास शाखा र वन वातावरण तथा विपद् व्यवस्थापन शाखाका प्रमुखहरु सदस्य रहने गरी अनुगमन समिति गठन गर्ने।

ग. नगरपालिकाका विभिन्न शाखा तथा इकाईहरुमा भएको नियमित कार्यवोझका कारण अतिरिक्त जिम्मेवारीका कार्य सम्पादन समयमै हुन नसकेकोले केही कर्मचारीहरु अतिरिक्त समय विहान, बेलुका र सार्वजनिक विदाको दिनमा समेत कामकाजमा खटाउनु पर्ने भएको तथा केही फिल्डमा काम गर्नुपर्ने कर्मचारी र नियमित रुपमा कार्यालय समय बाहेकको समयमा समेत नदीजन्य पदार्थको व्यवस्थापनमा बिहानदेखि साँझसम्म कार्यालय समयका अतिरिक्त समयमा समेत खटाउनुपर्ने भएकोले सम्बन्धित कर्मचारीले कामको प्रतिवेदनका आधारमा देहायका

कर्मचारीहरुलाई अतिरिक्त समयमा काम गरे वापत देहाय बमोजिमको प्रोत्साहन भत्ता उपलब्ध गराउने।

१. सरसफाई प्रवर्द्धन तथा जैविक मल उत्पादन इकाई प्रमुखः सार्वजनिक विदाको दिन प्रति दिन रु ६००/- का दरले र कार्यालय सञ्चालन भएको दिन अतिरिक्त काम गरे वापत प्रति दिन रु ३००/- का दरले प्रदान गर्ने ।

२. फिल्ड सुपरभाईजर (सरसफाई प्रवर्द्धन तथा जैविक मल उत्पादन इकाई) सञ्चार खर्च रु १०००/- र फिल्ड खर्च रु ४०००/- का दरले प्रदान गर्ने ।

३. नदीजन्य पदार्थको रोयल्टी संकलन गर्ने प्रयोजनार्थ खटिने नगर प्रहरीलाई प्रतिदिन रु ३००/-का दरले खाजा/खाना खर्च उपलब्ध गराउने।

घ. नगरपालिकाको आ.व. २०८१/८२ मा विनियोजित बजेट कार्यान्वयनका लागि वडा कार्यालय र महाशाखा, शाखा, इकाईहरुवाट पेश भएको कार्ययोजना स्वीकृत गर्ने।